# कुवेतविरुद्ध नेपालको कीर्तिमानी जित



**हिमालय टाइम्स**
काठमाडौं, २८ चैत

नेपालले हङकङमा जारी चारदेशीय टी-२० आई प्रतियोगितामा लगातार दोस्रो जित दर्ता गरेको छ । बिहीबार बिहान भएको खेलमा नेपालले कुवेतलाई ६ विकेटले हराएको हो । कुवेतले दिएको १८६ रनको लक्ष्य नेपालले सात बल बाँकी छँदा चार विकेटको क्षतिमा पूरा गरेको हो । यो नेपालले टी-२० आईमा लक्ष्य पूरा गर्दा बनाएको उच्च योगफल हो ।

यसअघि नेपालले मलेसियासँग १६६ रनको लक्ष्य पूरा गरेको सबैभन्दा उच्च सफल चेज थियो । नेपालका लागि ओपनर कुशल भुर्तेलले सर्वाधिक ८१ तथा आसिफ शेखले ५३ रन बनाउनुभयो । यी दुई मिलेर पहिलो विकेटका लागि १२७ रनको साझेदारी गर्दै जितको आधार तय गर्नुभएको थियो ।

यो साझेदारी पनि नेपालको टी-२० आईमा सबैभन्दा उच्च ओपनिङ साझेदारी हो । यसअघि सन् २०२१ मा नेदरल्याण्ड्ससँग नेपालले १६६ रनको ओपनिङ साझेदारी गरेको थियो । दिपेन्द्रसिंह ऐरीले १२ बलमा ३१ रनको क्यामिओ पारी खेल्दै फिनिसिङमा मद्दत गर्नुभयो । कुवेतका यासिन पटेलले ४ ओभरमा १७ रन दिएर दुई विकेट लिनुभयो । मोहम्मद सफीक र मोहम्मद असलमले एक-एक विकेट लिनुभएको थियो ।

खेलमा टस हारेर पहिले ब्याटिङको निम्तो पाएको कुवेतले नेपाललाई १८६ रनको प्रतिस्पर्धात्मक लक्ष्य प्रस्तुत गरेको थियो । कुवेतले २० ओभरमा ७ विकेट गुमाएर १८५ रन बनाएको थियो । कुवेतका लागि क्लिन्टो एन्टोले सर्वाधिक ४१ रन बनाउनुभयो । मिट भावसरले ३५ तथा बिलाल ताहिरले ३२ रन बनाउनुभयो । रविजा सन्दरुवानले २६ रन बनाउनुभयो । नेपालका लागि सोमपाल कामीले तीन विकेट लिंदा नन्दन यादवले दुई तथा ललित राजवंशी र कुशल भुर्तेलले एक-एक विकेट हात पार्नुभयो । लगातार दोस्रो जित निकालेको नेपालले फाइनल खेल्ने सम्भावना बलियो बनाएको छ । हङकङ, नेपाल, कतार र कुवेत सहभागी यस प्रतियोगितामा बुधबार नेपालले कतार तथा कुवेतले हङकङलाई पराजित गरेका थिए । नेपालले कतारलाई आठ विकेटले पराजित गरेको थियो । अब नेपालले लिगको अन्तिम खेल शनिबार हङकङसँग खेल्नेछ ।

### भुर्तेलले तोडे दीपेन्द्रको राष्ट्रिय कीर्तिमान

नेपाली क्रिकेट टिमका ओपनर कुशल भुर्तेलले अलराउन्डर दीपेन्द्र सिंह ऐरीको नाममा रहेको राष्ट्रिय कीर्तिमान तोड्दै आफ्नो नाममा लेखाउनुभएको छ । लामो समयदेखि खराब प्रदर्शनबाट गुज्रिरहनुभएका भुर्तेलले हङकङ यात्रामा भने उत्कृष्ट लयलाई कायम राख्नुभएको छ ।

बिहीबार बिहान भएको टी-२० सिरिजअन्तर्गत कुवेतविरुद्धको खेलमा भुर्तेलले ५० बलमा ८१ रन बनाउँदा नेपालका लागि सबैभन्दा बढी अर्धशतक बनाउने कीर्तिमान रच्नुभएको हो । यसअघि यो कीर्तिमान दीपेन्द्रको नाममा थियो । दीपेन्द्रले टी-२० मा १० अर्धशतक प्रहार गर्नुभएको छ । तर, भुर्तेलले कुवेतविरुद्ध अर्धशतक बनाएसँगै उहाँको अन्तर्राष्ट्रिय अर्धशतक ११ पुगेको हो । टी-२० अन्तर्राष्ट्रियमा कुशल र दीपेन्द्र दुवैले समान एक-एक शतक प्रहार गर्नुभएको छ । ५४ खेल खेल्नुभएका कुशलले नट आउट १०४ र ६६ खेलमा ब्याटिङ गर्नुभएका दीपेन्द्रले नट आउट ११० रन बताउनुभएको थियो । कुवेतविरुद्ध नै अर्धशतक बनाउनुभएका ओपनर आसिफ शेख पनि सात अर्धशतकसहित तेस्रो स्थानमा हुनुहुन्छ । कप्तान रोहित पौडेलको पनि समान सात अर्धशतक छ । त्यसपछि पूर्वकप्तान पारस खड्का र कुशल मल्लले समान पाँच अर्धशतक प्रहार गर्नुभएको छ ।

### ऐरीको अर्को कीर्तिमान

नेपाली राष्ट्रिय क्रिकेट टोलीका अलराउन्डर दीपेन्द्रसिंह ऐरीले टी-२० अन्तर्राष्ट्रिय क्रिकेटमा अर्को नयाँ कीर्तिमान बनाउनुभएको छ । उहाँले करियरमा सबैभन्दा लामो इनिङसम्म बिना डक (शून्यमा आउट नहुनु) खेल्ने कीर्तिमान बनाउनुभएको हो । दीपेन्द्र पछिल्लो ६६ खेलमा डक आउट हुनुभएको छैन । बिहीबार भएको कुवेतसँगको खेलमा उहाँले १२ बलमा ३१ रन बनाउँदै नेपालको जितको आधार तय गर्नुभएको थियो । दीपेन्द्रले यसअघि सबैभन्दा छिटो नौ बलमा अर्धशतक बनाउने कीर्तिमान पनि आफ्नो नाममा गर्नुभएको थियो । जुन तोडिँदैन केवल बराबरीमात्र हुन सक्छ । त्यस्तै, एकै ओभरको ६ बलमा ६ छक्का हान्ने कम खेलाडीमध्ये उहाँ एक हो ।

# केपी ओली टी-२० कप : गण्डकी हिरोज सेमिफाइनलमा




**पोखरा ।** पोखरामा जारी दोस्रो केपी ओली कप टी-२० राष्ट्रिय पुरुष क्रिकेट प्रतियोगिताको समूह 'बी' बाट गण्डकी हिरोज रनरेटका आधारमा सेमिफाइनलमा प्रवेश गरेको छ । मदन भण्डारी स्पोर्ट्स एकेडेमीको आयोजनामा पोखरा रंगशालास्थित क्रिकेट मैदानमा जारी प्रतियोगिताको छैटौं दिन बिहीबार समूह 'बी' तर्फका अन्तिम खेल हुने भनिए पनि बुधबार रातीको अविरल वर्षासँगै प्रतिकूल मौसमले खेल हुन नसकेपछि रनरेटका आधारमा हिमालयन क्रिकेट एकेडेमीलाई पछि पार्दै गण्डकी हिरोज शीर्ष स्थानमा रह्यो ।

कुल दुई खेल खेलेको गण्डकीको दुई जितसहित पाँच अंक रहँदा समान खेल खेलेको हिमालयनको पनि समान अंक रहेको थियो । उता ग्रेट हिमालयन क्रिकेट एकेडेमी र चितवन क्रिकेट क्लबको पनि कुल दुई खेलबाट समान एक/एक अंक रहेको थियो ।

बिहीबार समूह चरणमा आफ्नो अन्तिम खेलअन्तर्गत चितवन र ग्रेट हिमालयबीच पहिलो तथा गण्डकी र हिमालयनबीचमा दोस्रो खेल हुने तालिका थियो । दुवै खेल मौसमका कारण रोकिएपछि नेट रनरेटका आधारमा गण्डकी शीर्ष स्थानमा रहँदै अन्तिम चारमा पुग्ने दोस्रो टोली बनेको छ । गण्डकीको रनरेट १.४३४६ रहँदा हिमालयनको ०.८१५८ रह्यो । ग्रेट हिमालय माइनस २.११२८ अंकका साथ तेस्रो स्थानमा रहँदा माइनस ३.४७२५ अंकका साथ चितवन पुछारमा रह्यो ।

समूह 'ए' बाट यसअघि शीर्ष स्थानमा रहँदै सिइसी काठमाडौं सेमिफाइनलमा प्रवेश गरेको थियो । काठमाडौंले आफ्नो तीनमध्ये तीन खेलमा नै जित हासिल गर्दै ६ अंकका साथ शीर्ष स्थानमा रहेको थियो ।

कुल १६ टिमको सहभागिता रहेको प्रतियोगितामा चार समूह छन् । अब समूह 'सी' र 'डी' तर्फका खेल हुन बाँकी छन् । हरेक समूहको शीर्ष स्थानमा रहने टोली अन्तिम चारमा प्रवेश गर्नेछन् ।

चैत २३ गतेबाट सुरु भएको प्रतियोगिता वैशाख ५ गतेसम्म सञ्चालन हुनेछ । प्रतियोगितामा उपाधि विजेता टिमले नगद १० लाख र उपविजेताले नगद पाँच लाख रुपैयाँका साथमा ट्रफी, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । यसैगरी 'प्लेयर अफ द सिरिज' ले ३० हजार, बेष्ट बलर, बेष्ट ब्याटरले जनही १० हजार र 'प्लेयर अफ द म्याच'ले पाँच हजार रुपैयाँका साथमा ट्रफी प्राप्त गर्नेछन् । प्रतियोगितामा आज (शुक्रबार) समूह 'सी' तर्फ कर्णाली एकेडेमी र मधेस प्रदेश क्रिकेट क्लबबीच पहिलो तथा हिमाल फ्रेन्डस क्रिकेट क्लब र लुम्बिनी खुकुरीबीच दोस्रो खेल हुनेछ ।

# लुम्बिनी कप अन्तर्राष्ट्रिय आमन्त्रण महिला फुटबलमा आठ टोली

**शुभाकर विश्वकर्मा/हिटा**
नेपालगञ्ज, २८ चैत

लुम्बिनी कप अन्तर्राष्ट्रिय आमन्त्रण महिला फुटबल प्रतियोगितामा नेपालका तीन विभागीय टिम, भारतको सिलगुडी फुटबल क्लबसहित आठ टिमको सहभागिता रहने भएको छ । आयोजक अन्तरालले पत्रकार सम्मेलन गर्दै प्रतियोगितामा सहभागी हुने टिमको घोषणा गरेको हो ।

प्रतियोगितामा घरेलु टिम बाँके-११, सशस्त्र प्रहरी बलको एपिएफ, नेपाल पुलिस क्लब, त्रिभुवन आर्मी क्लब, कर्णाली एफसी, सुदूरपश्चिम एफसी, सिलगुडी फुटबल क्लब, रौतहट जिल्ला फुटबल संघ टिमले प्रतिस्पर्धा गर्ने अन्तरालका प्रमुख कार्यकारी जयनारायण शाहले बताउनुभयो । बाँके जिल्ला फुटबल संघको सहकार्यमा हुन लागेको प्रतियोगिताको विजेता टिमले पाँच लाख पाँच हजार ५५५ रुपैयाँ र उपविजेता टिमले दुई लाख ५० हजार रुपैयाँ, ट्रफी, मेडल प्राप्त गर्नेछन् । हरेक खेलमा उत्कृष्ट खेलाडी र प्रतियोगितामा विधागततर्फ उत्कृष्ट हुनेलाई पुरस्कृत गरिने आयोजक अन्तरालका कार्यकारी निर्देशक जयनारायण शाहले जानकारी दिनुभयो । पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै उहाँले खेलमा यो प्रतियोगितापछि नियमित फुटबल प्रशिक्षण गर्ने तथा रंगशालाको भौतिक पूर्वाधार मर्मत सम्भारमा पनि सहयोग जुट्ने बताउनुभयो ।

नेपालगञ्ज रंगशालामा आगामी वैशाख ५ गतेदेखि १२ गतेसम्म प्रतियोगिता सञ्चालन हुनेछ । प्रतियोगिता हेर्नका लागि सिजनल फुल प्याकेज १५ सयको टिकट व्यवस्था गरिएको छ । साथै विद्यार्थीहरूका लागि सहुलियतको पनि व्यवस्था गरिएको आयोजकले जनाएको छ । खेल हेर्नका लागि भिआइपी प्यारापिट र नर्मल प्याराफिटअनुसार टिकटको व्यवस्था गरिएको छ ।

लुम्बिनी कपमा घोषणा गरिएको पुरस्कार राशि अहिलेसम्मकै उत्कृष्ट भएको आयोजकको दावी छ । प्रतियोगिताले नयाँ खेलाडी उत्पादनमा सहयोग गर्ने फुटबलकर्मीले विश्वास लिएका छन् ।

# नेचर नेस्टलाई प्रथम खो-खो लिगको उपाधि

**बर्दिया ।** नेचर नेस्ट टाइगर्सले प्रथम नेपाल खो-खो लिग प्रतियोगिताको उपाधि पाएको छ । नेस्टले खो-खो खेलमा ४६ अंक ल्याएर उपाधि आफ्नो पोल्टामा पार्न सफल भएको हो । बिहीबार भएको फाइनल खेलमा नेचरले विकास प्रेमी ब्ल्याकलाई हराउँदै उपाधि जितेको हो । विकास प्रेमीले ४२ अंक प्राप्त गर्दै उपविजेतामा चित बुझाएको छ ।

प्रतियोगितामा प्रथम हुने नेचर नेस्ट टाइगर्सले शिल्डसहित दुई लाख ५० हजार नगद पुरस्कार पाएको छ भने दोस्रो हुने विकास प्रेमीले एक लाख ५० हजार नगद पुरस्कार पाएको छ ।

नेपालमै पहिलो पटक आयोजना गरिएको खो-खो लिग प्रतियोगितामा पाँचवटा समूहबीच प्रतिस्पर्धा भएको थियो । गत चैत २४ गतेबाट सुरु भएको खेलमा १४ वटा खेल भएको नेपाल खो-खो संघका केन्द्रीय उपाध्यक्ष छत्रबहादुर शाहीले जानकारी गराउनुभयो । विश्वकप खो-खो प्रतियोगितामा नेपाल उपविजेता बनेको थियो ।

नेपाल सरकार
राष्ट्रिय खेलकुद परिषद्
त्रिपुरेश्वर, काठमाडौं

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

प्रकाशन मिति २०८१/१२/२९

राष्ट्रिय खेलकुद परिषद्बाट मिति २०८१/११/२३ गतेको नयाँ पत्रिकामा प्रकाशित सूचना अनुसार रीतपूर्वक दाखिला हुन आएका बोलपत्रहरु मध्ये सारभूत रुपमा प्रभावग्राही तपसिल बमोजिमका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव छनोट भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ज) को उपनियम (५) को प्रयोजनार्थ सम्बन्धित सबैलाइ जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :-

| क्र.सं. | ठेक्का नं. | छनोट भएका फर्म | आर्थिक प्रस्ताव खोल्ने स्थान, मिति र समय |
|---|---|---|---|
| १. | Supply and Delivery of Players Dress Set for 10 th National Game, Contract ID:- NSC/NCB/S&DPlayersdressSet/06/081/82 | 1.Plus Point Trading, New Baneshwor-10, Kathmandu | राष्ट्रिय खेलकुद परिषद्को कार्यालय, त्रिपुरेश्वर, काठमाडौं<br>मिति : २०८२/०१/०५ गते (April 18, 2025)<br>दिनको ०१:०० बजे |

Government of Nepal (GoN)
Ministry of Health & Population
**Bhaktapur Cancer Hospital**
Dudhpati, Bhaktapur

**Invitation for Bids**

Date of publication: 2081/12/29

Bhaktapur Cancer Hospital (BCH) invites electronic bids from eligible bidders for the following bids under NCB ( Single Stage Two Envelope) Procedure. Bidders may obtain further information from the PPMO web portal www.bolpatra.gov.np/egp

| IFB No. | Description | Document Fee | Bid Security |
|---|---|---|---|
| BCH/GOODS/NCB/081/82/10 | Procurement of Fully Automated Biochemistry Analyzer with Reagents | NRs. 3000.00 | NRs. 238,000.00 |
| BCH/GOODS/NCB/081/82/11 | Procurement of Fully Automated Chemo Luminescence Immunoassay Analyzer( CLIA) with Reagents | NRs. 3000.00 | NRs. 244,000.00 |

नमोबुद्ध नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भकुण्डेबेशी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

**बोलपत्र आव्हानको सूचना**

प्रथम पटक प्रकाशन मिति : २०८१/१२/२९

यस कार्यालयको स्वीकृत कार्यक्रम अनुसार तपसिल बमोजिमको सामाग्रीको सप्लाई तथा डेलिभरी कार्य गर्नुपर्ने भएकोले इच्छुक फर्म, कम्पनीले यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजे भित्र **e-bid** मार्फत बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । विस्तृत विवरण सहितको सूचनाको लागि **www.bolpatra.gov.np/egp**, तथा यस कार्यालयको वेबसाईट **www.namobuddhamun.gov.np** मा हेर्न सकिनेछ ।

तपसिल:

| ठेक्का नं. | कार्यको विवरण | धरौटी रकम | दरभाउपत्र दस्तुर |
|---|---|---|---|
| NMUN/NCB/GOODS/2081/082-03 | Procurement of Supply, Delivery And Installation of Agricultural Equipment (Mini-Tiller) | रु. २९०,०००।- | रु. ३,०००।- |

**खाताको विवरण:**
**Name of the Bank:** Rastriya Banijya Bank Ltd.
**Name of the Branch:** Bhakundebeshi, Kavrepalanchok
**Name of the Office:** Namobuddha Municipality Office, Kavrepalanchok
**Office Code:** 801032602 (14219)
**Rajaswa (revenue) account no (for bid fee):** Ga-1-1-1540100301010002
**Dharauti Account No. (For Bid Security):** Ga-3-1540100303000002

प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय, कास्की

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशित मिति : २०८१/१२/२९

यस कार्यालयबाट प्रकाशित सूचना अनुसार रीतपूर्वक दर्ता हुन आएका बोलपत्रहरुको प्रस्ताव मूल्याङ्कन हुँदा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ बमोजिम निम्न बोलपत्रदाताहरुको प्रस्ताव न्यूनतम मूल्याङ्कित तथा सारभूतरुपमा प्रभावग्राही बोलपत्र निर्धारण भई स्वीकृतिका लागि छनौट गरिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) तथा सोहि ऐनको दफा ४७ प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

तपसिल :-

| क्र.सं. | ठेक्का नं. | ठेक्काको नाम | छनौट भएका बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (VAT बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| 1. | FPIU/KASKI/NCB/WORKS/081/82/73 | Infrastructure Development of Malepatan Play Ground at Pokhara-5, Kaski. | M/S Panchadewal Nirman Sewa, Khadachakra-02, Kalikot. | 5257164.50 | |
| 2. | FPIU/KASKI/NCB/WORKS/081/82/77 | Manang-Disyang Gaupalika Ward No.9 Khangsar sthit Tilicho Taalma Mahadev Temple tatha Bauddha Gufama Purwadhar Nirman Karya at Tilicho, Manang. | M/S Anshu Engineering and Construction, Beshisahar-02, Lamjung. | 6286397.01 | |

कार्यालय प्रमुख